ब्रिटिश गोर्खा नेपाल British Gurkhas Nepal

ARMY
BE THE BEST

# गोर्खाली खबर

Gorkhali Khabar

भू.पु. गोर्खाकालागि समाचारपत्र | Newsletter for ex-British Gurkhas

अङ्क ५, नभेम्बर २०२१ Edition 5, November 2021



Namaste and warmest greetings to the respected Veterans of the Brigade of Gurkhas and their Families



As the new Gurkha Major BGN it is my greatest pleasure to get to know you and serve you here in Nepal. First of all, I would like to take this opportunity to wish a belated happy Dashain and Shuva Deepawali and a very happy new year 2022.
Within the last three months since I took over, I had great opportunities to host the RAN biannual meetings and welcome RAN members here in BGN on several occasions. As the Gurkha Major BGN, it will be my first priority to engage with the veterans and listen to their concerns. I will do my best to support the veterans and their families living in the remote parts of Nepal.

COVID 19 has brought many challenges and our veteran community has also been affected by this. I would like to share my deepest condolences to the bereaved families who lost their dear ones and pray to God that they have strength to cope with the situation. Let us support each other and look after each other in the time of need.

I would also like to thank the Gurkha Welfare Trust (GWT) for their fantastic support to our veterans, and I hope it will continue in future as well. A huge thanks to the outgoing Fd Director Lt Col Elton Davis Saheb and welcome to our new Fd Director GWT Lt Col Matt Hing Saheb. We look forward to working together in future.
Finally, on behalf of all serving members of the Brigade of Gurkhas and BGN family, I would like to wish you all the best. Stay healthy and stay safe. Wishing you all a very Merry Christmas and Happy New Year.

Jai Brigade of Gurkhas

Maj Ranjan Badgami
Gurkha Major, British Gurkhas Nepal

'ब्रिगेड अफ गोर्खा' का भेटरन तथा परिवारहरूमा मेरो नमस्ते र न्यानो अभिवादन |

नयाँ गोर्खा मेजर बि.जी.एन को रूपमा नेपालमा तपाईहरू सबैलाई चिन्नु र सेवा गर्नु पाउँदा मलाई धेरै खुशी लागेको छ | सर्वप्रथम, ढिलै भए पनि तपाईहरूलाई दशैं र दिपावली २०७८ को शुभकामना र नव वर्ष २०२२ को अभिवादन व्यक्त गर्न यस अवसरको उपयोग गर्न चाहन्छु |
मैले जिम्मेवारी सम्हालेपछिको पछिल्लो तीन महिनामा RAN को द्विवार्षिक बैठक आयोजना गर्ने र RAN का पदाधिकारी तथा सदस्यहरूलाई बि.जी.एन मा स्वागत गर्ने सुवर्ण अवसरहरू पाएको छु | गोर्खा मेजर बि.जी.एन को हैसियतमा भेटरनहरूसँग अन्तरक्रिया गर्नु र उनीहरू र उनीहरूका परिवारहरूका चासोको विषयहरू सुन्नु मेरो मुख्य प्राथमिकता हुनेछ | नेपालको विभिन्न विकट स्थानहरूमा बसिरहेका भेटरन र परिवारहरूलाई सहयोग गर्नु म सक्दो प्रयास गर्नेछु |
कोभिड-१९ ले धेरै चुनौतीहरू निम्त्याएको छ र हाम्रो भेटरन समुदायलाई पनि यसले असर गरेको छ | आफ्ना प्यारा आफन्तहरू गुमाउन परेका परिवारहरूसमक्ष म गहिरो श्रद्धान्जलि प्रकट गर्न चाहन्छु र यस्तो अवस्थासँग सामना गर्नसक्ने बल मिलोस् भनेर इश्वरसँग प्रार्थना गर्न चाहन्छु | परेको समयमा हामी एक अर्कालाई सहयोग र हेरचाह गरौँ |
हाम्रा भेटरनहरूलाई पुर्याउँदै आएको सहयोगको लागि म गोर्खा वेलफेयर ट्रष्टलाई पनि धन्यवाद दिन चाहन्छु र यो कार्य भविष्यमा पनि यो निरन्तर रहोस् भन्ने आशा गर्छु | ट्रष्टका निवर्तमान फिल्ड निर्देशक प्रमुख सेनानी एल्टन डेभिस साहेबलाई धेरै धन्यवाद र ट्रष्टका नयाँ फिल्ड निर्देशक प्रमुख सेनानी म्याट हिङ्ग साहेबलाई स्वागत छ | भविष्यमा सहकार्य गर्न हामी तत्पर छौं |
अन्त्यमा, सम्पूर्ण ब्रिगेड अफ गोर्खा र बि.जी.एन परिवारको तर्फबाट हजूरहरू सबैलाई उत्तम अभिवादन दिन चाहन्छु | स्वस्थ रहनुहोस् | सुरक्षित रहनुहोस् | क्रिस्मस र नयाँ सालको हार्दिक मङ्गलमय शुभकामना |

जय ब्रिगेड अफ गोर्खा

सेनानी रन्जन बादगामी
गोर्खा मेजर, बि.जी.एन

# बलिदानलाई सम्मान - रिमेम्ब्रेन्स सर्भिस २०२१



हरेक वर्ष विभिन्न यूद्ध र 'लाइन अफ ड्युटी' मा मारिएकाहरूको सम्मान र सम्झनामा आयोजना गरिने 'रिमेम्ब्रेन्स सर्भिस' (Remembrance Service) यस वर्ष मुख्यालय बि.जी.एन काठमाडौं, ब्रिटिश गोर्खा पोखरा र ब्रिटिश गोर्खा धरानमा सम्पन्न भयो | ११ नभेम्बर २०२१ मा काठमाडौंमा महासेनानी पल स्मिथ कमाण्डर, प्रमुख सेनानी साइमन टाउनसेन्ड उप-कमाण्डर, सेनानी रन्जनकुमार बादगामी गोर्खा मेजर बि.जी.एन, शिशिर पाण्डे (मानव श्रोत प्रमुख) र भुतपूर्व ब्रिटिश गोर्खा समुदायको प्रतिनिधित्त्व गर्दै सेनानी (भु.पू) सुर्जे बहादुर थापा Regimental Association Nepal (RAN) सदस्य लगायतले गोर्खा स्मारकमा 'रिथ' अर्पण गर्नुभएको थियो |





यसैगरी, ब्रिटिश गोर्खा पोखरामा भुतपूर्व सैनिक र उनीहरूका परिवार सदस्यहरूले समारोहमा सहभागिता जनाउनुभएको थियो | सह-सेनानी फिलिप ल्याम्बर्ट (OC BGP) को अगुवाइमा गरिएको कार्यक्रममा महासेनानी (भु.पू) जे.पी.क्रस लगायतले 'रिथ' अर्पण गर्नुभएको थियो | धरानमा सह-सेनानी नबिन राई (Adjutant BGN) ले कार्यक्रम संचालन गर्नुभएको थियो |

# राष्ट्रपतिलाई ब्रिगेड को प्रतिवेदन पेश

माननीय नेपालका लागि बेलायती राजदुत निकोला पोलिट, रक्षा सहचारी महासेनानी पल स्मिथ र सेनानी कमल गुरुङ्गले १२ अगस्ट २०२१ मा राष्ट्रपति कार्यालय शितल निवासमा महामहिम राष्ट्रपति विद्यादेवी भण्डारीसँग भेट्नुभयो | उक्त भेटघाटमा रक्षा सहचारी महासेनानी स्मिथले 'ब्रिगेड अफ गोर्खा' कमाण्डेन्ट रथी रिचर्ड वार्डलअ ओ.बि.इ को तर्फबाट महामहिम राष्ट्रपतिलाई 'ब्रिगेड अफ गोर्खा' को वार्षिक प्रतिवेदन पेश गर्नुभयो |



# रक्षा सहचारी र नेपाली सेना प्रमुख भेट

बेलायती रक्षा सहचारी तथा बि.जी.एन कमाण्डर महासेनानी पल स्मिथ र नेपाली सेना प्रधानसेनापति (Chief of Army Staff (CoAS)) प्रभु राम शर्मा बीच २२ सेप्टेम्बर २०२१ मा भेट भयो | बैठकमा सहचारी स्मिथले प्रधानसेनापतिलाई वहाँको नियुक्तिमा बधाई दिनुभयो |



## माननीय बेलायती सांसद तथा प्रधानमन्त्रीको छात्रा शिक्षासम्बन्धी विशेष दूत हेलेन ग्रान्ट बि.जी.एन. मा

माननीय बेलायती सांसद तथा प्रधानमन्त्री बोरिस जनसनका छात्रा शिक्षासम्बन्धी विशेष दूत हेलेन ग्रान्ट आफ्नो नेपाल भ्रमणको क्रममा ०६ अक्टोबर २०२१ मा बि.जी.एन, काठमाडौं आउनुभयो | बेलायतमा आफ्नो निर्वाचन क्षेत्र मेडस्टोन 'क्युइन्स गोर्खा इन्जिनियर्स' (Queen's Gurkha Engineers (QGE)) रेजिमेन्टको लागि पनि घर रहेको हुनाले उनी बि.जी.एन आउनु र गोर्खा भर्ती र भूतपूर्व गोर्खाहरूलाई प्रदान गरिने सहयोग बारे बुझ्न इच्छुक हुनुभएको बुझिन्छ | भेटघाटको क्रममा उनले बि.जी.एन का महिला सञ्जाल र श्रीमती समितिका प्रतिनिधिहरूसँग पनि साक्षात्कार गर्नुभयो |



## रिजनल कमाण्ड र कर्नेल बि.जी. का बि.जी.एन भिजिट

ब्रिटिश सेना रिजनल कमाण्डबाट ब्रिगेडियर जेम्स कुट डी.एस.ओ ओ.बि.इ चिफ अफ स्टाफ रिजनल कमाण्ड लगायत महासेनानी रिचर्ड ह्यालेट ओ.बि.इ, प्रमुख सेनानी एडवर्ड प्लेनटिन र सेनानी एन्ड्रयु ब्ल्याक्मोर नभेम्बर महिनामा मुख्यालय बि.जी.एन काठमाडौं र ब्रिटिश गोर्खा पोखराको भ्रमणमा नेपाल आउनुभएको थियो |

यसैगरी, महासेनानी जोडी डेभिस एम.बि.इ. महासेनानी ब्रिगेड अफ गोर्खा पनि २९ अक्टोबर-०६ नभेम्बर बीच बि.जी.एन काठमाडौं तथा पोखराको भ्रमणमा आउनुभएको थियो |





## RECRUIT INTAKE 22 - REGIONAL SELECTION

## गोर्खा भर्ती २०२२

### रेक्रुट इन्टेक २२ – क्षेत्रीय छनौंट

अहिले ब्रिटिश गोर्खा पोखरामा गोर्खा भर्ती २०२२ अन्तर्गत क्षेत्रीय छनौंटका गतिविधी जोडटाड चलिरहेको छ | सफलतापूर्वक अनलाइन दर्ता गरेका करीब ६,००० सम्भावित रेक्रुट (Potential Recruits (PRs)) को दैनिक रूपमा क्षमता र योग्यताको जाँच गरिन्छ | ब्रिगेड अफ गोर्खाको रेक्रुट सहायकहरू र Infantry Training Centre, Catterick को English Language Wing (ELW) को सहयोगका साथ बि.जी.एन को टोलीले यस वर्षको क्षेत्रीय छनौंट संचालन गरिरहेको छ | PRs को मुल्याङ्कन उनीहरूको शारिरीक, शैक्षिक र स्वास्थ परिक्षाको आधारमा गरिन्छ | क्षेत्रीय छनौंटबाट ५१० जना PRs लाई आउँदो वर्ष हुने केन्द्रीय छनौंट (Central Selection) को लागि बोलाइने छ |

यस वर्ष पनि कोभिड-१९ को सुरक्षा मापदण्ड अनुसार छनौंट संचालन भइरहेको छ | पोखरा शिविरमा आगमन सँगै सबै PRs ले कोभिड-१९ को एल.एफ.डी (LFD) टेस्ट गर्नुपर्छ | मास्क, सामाजिक दुरी, हात धुने जस्ता अभ्यासलाई नियम स्वरूप कार्यन्वयन गरिएको छ |



## बि.जी.एन – नेपालमा ६१ वर्ष

नेपालमा आफ्नो उपस्थिती र सेवाको ६१ वर्ष पुरा भएको अवसरमा ब्रिटिश गोर्खा नेपालले १७ सेप्टेम्बर २०२१ मा आफ्नो जन्मदिन मनायो | सन् १९६० मा पखलीहावा र धरानका शिविरहरूबाट नेपालमा आफ्नो कामको थालनी गरेर १९८९ मा बि.जी.एन ले काठमाडौंमा आफ्नो मुख्यालय र पोखरामा अर्को शिविरको विस्तार गरेको थियो |

मुख्यालय बि.जी.एन मा आयोजना गरिएको सानो कार्यक्रममा बि.जी.एन का विभिन्न योग्य स्टाफहरूले पाएका अवार्डहरू महासेनानी पल स्मिथ, कमाण्डर बि.जी.एन द्वारा सम्बन्धित स्टाफहरूलाई प्रदान गरियो |

कमाण्डर बि.जी.एन, सेनानी नरेन्द्र गुरुङ्ग DCOS बि.जी.एन र सेनानी रन्जनकुमार बदगामी गोर्खा मेजर बि.जी.एन ले 'केक' सँगै काटेर जन्मदिनको अवसर झल्काए | सेनानी (भु.पू.) भिम बहादुर गुरुङ्ग एम.भी.ओ. अध्यक्ष RAN र सेनानी (भु.पू.) बालकृष्ण राणा एम.बि.इ महासचिव RAN ले कार्यक्रममा भुतपूर्व ब्रिटिश गोर्खा सैनिक समुदायको प्रतिनिधित्त्व गर्नुभएको थियो |





**<u>अवार्ड तथा प्रापकहरू</u>**

<u>कमाण्डर होम कमाण्ड प्रशंसा’ Commander Home Command Commendation</u>

गोपाल बहादुर गुरुङ्ग, पेन्सन सूचना अधिकृत (Pension Information Officer)

सुमान शाक्य, फोरम्यान डी.आइ.ओ (Foreman DIO)

<u>‘जेनरल अधिकृत कमान्डिंग रिजनल कमाण्ड प्रशंसा’</u>

<u>General Officer Commanding (GOC) Regional Command Commendation</u>

अन्जु गुरुङ्ग, निजामति सचिव सहायक (Asst Civil Secretary)

धनसिंह तामाङ, डिटेलस् क्लार्क एम.टि (Details Clerk MT)

स्टेला सुब्बा, हाउजिङ एण्ड पर्चेज क्लार्क (Housing and Purchase Clerk)

सार्जेन्ट महेशकुमार वानेम (०४ नभेम्बरमा प्रदान)

कर्पोरल खगेन्द्र गुरुङ्ग (०४ नभेम्बरमा प्रदान)

<u>‘कमाण्डरस् कोइन’ Commander’s Coin</u>

सार्जेन्ट मिमलाल थापा

शर्मिला पुन, रिसेप्शानिस्ट मेडिकल सेन्टर (Receptionist Medical Centre)

<u>सी.ओ. ३ आर.जी.आर कोइन CO 3RGR Coin</u>

स्टाफ सार्जेन्ट समिर मल्ल, अ.बु.ओ. (ABUWO)

भुपाल राई, रुखमान राई - ब्रिटिश गोर्खा धरान (३० सेप्टेम्बरमा प्रदान)

गंगा बहादुर लामा, शशी राई, गुमानसिंह गुरुङ्ग, लक्ष्मी थापा, लाल गुरुङ्ग – ब्रिटिश गोर्खा पोखरा (०८ अक्टोबरमा प्रदान)

# बि.जी.एन मा दशैं तिहार मनोरञ्जन फेरी फर्कदै

कोभिड-१९ को कारण पोहोर सालको करीब पुरै अनलाइन मनाइएको दशैं कार्यक्रमपछि यस वर्ष भने केही हद सम्म दशैं चाडको मनोरञ्जन बि.जी.एन मा फर्किएको थियो | जमरा औसीमा सेनानी रन्जनकुमार बदगामी गोर्खा मेजर बि.जी.एन र बि.जी.एन पण्डित द्वारा शुरु गरिएको पूजा फूलपाती, कालरात्री र टिका को मुख्य अंशहरू सहित सफलतापूर्वक शृंखलाबद्ध समापन भयो |





७ र १३ अक्टोबरमा मुख्यालय बि.जी.एन मा संस्कृतिक कार्यक्रमको आयोजना गरियो | पहिलो कार्यक्रममा नेपालका लागि बेलायती राजदुत माननीय निकोला पोलिटलाई मुख्य अतिथिको रूपमा महासेनानी पल स्मिथ कमाण्डर बि.जी.एन र अन्य बि.जी.एन का अफिसर तथा स्टाफले आतिथेय गरेका थिए |

यसैगरी, २ आइ.सी. बि.जी.पी. सहसेनानी गणेशकुमार गुरुङ्गको अगुवाईमा ब्रिटिश गोर्खा पोखरामा पनि दशैं पूजा र विभिन्न कार्यक्रम आयोजना गरी यस वर्षको दशैं भव्य रूपमा मनाइयो |

यसैगरी, ०४ नभेम्बर, लक्ष्मी पूजाको दिनबाट भाई टिकासम्म बि.जी.एन मा पूजा र मनोरन्जन सहित तिहार मनाइयो |



# सेनानी (भू.पू.) दिलबहादुर गुरुङ्ग एम.भी.ओ (M.V.O) २/२ जी. आर. राष्ट्रपतिद्वारा प्रबल जनसेवा पदक बाट सम्मानित

सेनानी (भू.पू.) दिलबहादुर गुरुङ्ग एम.भी.ओ (M.V.O) २/२ जी.आर. सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा प्रबल जनसेवा पदक (चौथों दर्जा), नेपाल नागरीक पुरस्कार २०२० बाट सम्मानित हुनुभएको छ | नेपालमा शिक्षा क्षेत्रको विकासमा उनको भूमिकाको पहिचान स्वरूप नेपाल सरकारले उनलाई समानित गरेको हो | कोभिड-१९ को कारण पछि सारिएको पुरस्कार समारोह ०९ एप्रिल २०२१ मा राष्ट्रपति कार्यालय, काठमाडौंमा आयोजना गरिएको थियो | आफ्नो गाउँ गल्यानमा छात्र-छात्राहरूको शिक्षा उत्थान गर्न सहयोग गर्दै, त्यसपछि स्याङ्जा, तनहुँ र गोर्खा जिल्लाहरूमा आफ्नो सहयोगी कार्य विस्तार गर्दै र पोखराको सुकुम्बासी क्षेत्रहरूका गरीब समुदायहरूलाई सहयोग गर्दै सेनानी (भू.पू) डी. बि. साहेबले करीब ३० वर्ष को अन्तरालमा आफ्नो भूमिका निर्वाह गर्दै आउनुभएको छ |



सेनानी (भू.पू.) दिलबहादुर गुरुङ्ग एम.भी.ओ (M.V.O) २/२ जी. आर. राष्ट्रपतिद्वारा प्रबल जनसेवा पदकबाट सम्मानित  हुनुहुँदै (बाँया)

सेनानी (भू.पू.) दिलबहादुर गुरुङ्ग एम.भी.ओ (M.V.O) २/२ जी. आर. (तल बाँया)



यस अघि २९ नभेम्बर २०१८ मा  सेनानी (भू.पू.) दिलबहादुर गुरुङ्ग एम.भी.ओ (M.V.O) लाई Volunteer from the South समूहमा FOCSIV (the Italian Federation of NGOs) 25th International Volunteer Award पनि प्रदान गरिएको थियो |

इटालियन वेबसाइटमा यस बारे विस्तृत खबरको लागि तल दिइएको लिङ्क प्रयोग गर्नुहोस्: https://www.focsiv.it/sanda-vantoni-e-dil-bahadur-gurung-premio-del-volontariato-internazionale-2018/

# सिम्ले, खाँदबारीका गाँउलेहरूलाई स्वच्छ पिउने पानी

"योजनालाई सफलतापूर्वक सम्पन्न गर्न हामी गाँउले तथा कर्मचारीहरू एकजुट भएर काम गरेका थियौं"

**- गोर्खा वेलफेयर ट्रष्ट (GWT)**

बेलायती सहयोग नियोग UK Aid सँगको सहकार्यमा हामीले विभिन्न समुदायमा घर–घरमा स्वस्छ पिउने पानी पुर्याउँदै आइरहेका छौं | पानीको मूलको उचित सुरक्षा साथै समुदायमा सरसफाईको महत्त्वको बारे शिक्षा पनि दिइने हुनाले फोहर पानीका कारण लाग्न सक्ने रोगहरूमा कमी आएको पाउन सकिन्छ | योजनाको शूरुवातमा अध्यक्ष, सचिव र सामुदायिक स्वास्थ्य कार्यकर्ता सहितको उपभोक्ता समिति गठन गरिन्छ जसका कारण हाम्रा योजनाहरूमा समुदाय आफैं सक्रिय हुने र योजना दीगो र टिकाउ हुने सुनिश्चितता गर्दछ |

खाँदबारी स्थित हाम्रो वेल्फेयर सेन्टरबाट करिब ५ घण्टा मोटर बाटोको दूरीमा रहेको सिम्ले गाँउमा हामीले हालसालै स्वच्छ पिउने पानी योजना सम्पन्न गर्न सफल भयौं | यस गाँउमा पहिले सामुदायिक धाराहरू जडान गरिएका थिए भने उक्त धाराहरूमा पानी नआउँदा पानी लिन जान तीन घण्टासम्म पैदल हिँड्नु पर्थ्यो | उक्त योजनाका उपभोक्ताहरूसँग हामीले छलफल गरेका थियौं |



उक्त योजनाका निवेदक तथा अध्यक्ष बिनोद कुमार राई भन्नुहुन्छः

"घर–दैलोमै पानीको धारा देख्दा म एकदमै खुशी छु | पहिले पानीको अभावका कारण हामीलाई धेरै समस्या थियो | अहिले गाँउको घर–घरमा स्वच्छ पिउने पानीको धाराहरू जडान गरिदिएर GWT ले गाँउलेहरूलाई धेरै नै राहत पुर्याउन सहयोग गरेको छ | GWT ले गाउँका केहीलाई मर्मत सम्भार सम्बन्धी सामान्य तालिम पनि दिएको छ | सबै गाँउलेहरू खुशी छन् |"

श्री ईन्द्रेणी आधारभूत विद्यालयका प्रधान अध्यापक दुर्गा देवी राई भन्नुहुन्छः

"गाँउमा पानीको अभाव थियो | अहिले विद्यालयमा मात्र नभई पूरा गाँउमा पर्याप्त मात्रामा पानी आएको देख्दा हामीलाई खुशी लागेको छ | अहिले हामीले गाँउभर पर्याप्त मात्रामा स्वच्छ पिउने पानी उपभोग गर्न पाइरहेका छौं |"

गाँउले उपभोक्ता तथा संरक्षण सुपरभाइजर शिव कुमार राई भन्नुहुन्छः

"सबै गाउँले झारा हालेका थिए | निकै दुःख भएको थियो तर धारामा पानी आउन थालेपछि ती सबै दुःख बिर्सिने रहेछ | अहिले सबैको घर–घरमा पानीको धारा छ भने कसैलाई पनि डोकोमा पानी बोक्न परेको छैन | यस गाँउ र सम्पूर्ण गाँउलेहरूका लागि GWT ले अतिनै उत्तम सहयोग गरी योजना निर्माण सम्पन्न गरेको छ |"

# बि.जी.एन विविध



हाम्रा सहकर्मी मणि श्रेष्ठको दुख:द निधनमा मुख्यालय ब्रिटिश गोर्खा नेपालमा सबै स्टाफको उपस्थितीमा अगस्ट २६, २०२१ मा शोक समारोह आयोजना गरियो | बि.जी.एन मा २५ वर्ष भन्दा बढी सेवा गरेका मणि लामो समयसम्म स्वास्थ समस्यासँग संघर्ष गर्दै अगस्ट २०, २०२१ मा सबैबाट बिदा हुनुभयो | बि.जी.एन परिवार उनको आत्मालाई चीर शान्तिको कामना गर्दछ |



ब्रिटिश आर्मीका नेपाली भाषा तथा संस्कृतिसम्बन्धी कक्षा Survival Nepali Language Course (SNLC) अध्ययन गरिरहेका विद्यार्थीहरू २२ अक्टोबर २०२१ मा अभ्यास उकाली ओराली (सहनशीलता मुल्यांकन गर्ने 'डोको रेस') मा सहभागी भएका थिए | गोर्खा भर्ती छनौंट क्रममा परम्परागत 'डोको रेस' हुने स्थान भालम र डाँडा गाउँहरूमा गरिएको यस अभ्यासमा पुरुष महिला दुवैले १५ के.जी. वजनको डोको बोकेर ५० मिनेटको पास समयमा करीब ६ की.मि. दुरी पार गर्नुपर्नेछ | अभ्यासमा १३ SNLC विद्यार्थी, २ प्रशिक्षक र गोर्खा वेलफेयर ट्रष्ट (नेपाल) का फिल्ड निर्देशक सहित १५ जना सहभागीहरू मध्ये २ आर.जी.आर का उपसेनानी नील किंगडन सर्वाधिक उत्कृष्ट स्कोर सहित प्रथम भएका थिए |



गोर्खा वेलफेयर ट्रष्ट (नेपाल) का फिल्ड निर्देशक प्रमुख सेनानी एल्टन डेभिसलाई भूतपूर्व गोर्खा सैनिक संगठन 'रेजिमेन्टल असोसिएसन नेपाल' (Regimental Association Nepal (RAN)) को तर्फबाट अक्टोबर २६ मा बिदाई गरियो | यस अघि उनलाई २५ अक्टोबरमा ब्रिटिश गोर्खा पोखरामा बिदाई दिइएको थियो |



'नेसनल पुल लाइफगार्ड क्वालिफिकेसन (९) कोर्स' (National Pool Lifeguard Qualification (9) Course) १६-२१ अगस्ट २०२१ मा ब्रिटिश गोर्खा पोखरामा संचालन गरियो | प्रशिक्षक-द्वय खड्क प्रसाद थापा र प्रकाश गुरुङ्ग द्वारा संचालित उक्त 'कोर्स' मा बि.जी.एन का अनिल गुरुङ्ग, सुवाश गुरुङ्ग, रबिन देओला, सन्नी राई, श्रीराम आले, दाङ बहादुर गुरुङ्ग र लेन्स कर्पोरल जुनकुमार पुन उतीर्ण भइ लाइफगार्डको जिम्मेवारी सम्हाल्न योग्य भएका छन् |

## सम्पर्क विवरणहरू:

**गोर्खा सेटलमेन्ट अफिस (जि.एस.ओ)**
गोर्खा सेटलमेन्ट अफिस (जि.एस.ओ)
ब्रिटिश गोर्खा नेपाल, मुख्यालय
मानभवन, ललितपुर
फोन नम्बर :
१ ४२३५३२६, ४२३५३२७, ४२३५३२९
इ-मेल आइ.डी:
dpmgso@bgn.com.np

**पेन्सन पेमेन्ट अफिस**
पेन्सन पेमेन्ट अफिस, काठमाडौं
स्टानडर्ड चारटर्ड बैंक
लाजिम्पाट, काठमाडौं
फोन नम्बर: ००९७७ १ ४४१५०४४
इ-मेल आइ.डी:
ppoktm@bgn.com.np

**रेकर्ड अफिस**
ब्रिटिश गोर्खा नेपाल, पोखरा
फोन नम्बर:
०६१-५६७२८०
इ-मेल आइ.डी:
records@bgp.com.np
BGN-RecordsOfficeGroupMailbox@mod.gov.uk

**BFBS Gurkha**
C/O Headquarters
British Gurkhas Nepal

**मुख्यालय, ब्रिटिश गोर्खा नेपाल**
मानभवन ,ललितपुर
बि एफ पी ओ ४
नेपाल

**Headquarters, BRITISH GURKHAS NEPAL**
Manbhawan, Lalitpur
British Forces Post Office 4
Nepal

**अपरेशनमा नी:शुल्क वेलफेयर पार्सल पठाउन सकिने बारे सूचना**
अपरेशनमा परिचालित सेवारत सिपाहीहरूलाई परिवार सदस्यहरूले बि.जी.एन मुख्यालय, काठमाडौंबाट सानो वेलफेयर पार्सल (अधिकतम् २ कीलो; करीब A4 पेपर साइजको; अचार जस्ता नष्ट हुने खालका खाद्य पदार्थ, सुर्तीजन्य पदार्थ र घ्यू जस्ता एफ.पी.ओ. द्वारा निषेधित सामान नसमेटी ) नी:शुल्क पठाउन सक्नेछन् |

**Notice on Sending Welfare Parcels to Personnel in Operations**
Family members of serving personnel deployed on Operations are eligible to post small welfare parcels (maximum 2 k.g; size roughly A4 size paper; not including items restricted by FPO like perishable food like chutney/pickle, tobacco products, ghee etc.) for free from BGN HQ, Kathmandu.

**Contact: BGN FPO, Ph. 01-4235236; e-mail: BGN-SNCO-FPO-GrouMail@mod.gov.uk**

जरूरी सूचना र सम्पर्कमा रहनको लागि ब्रिटिश गोर्खा नेपालको फेसबुक पेज लाइक र फलो गर्नुहोला
For important updates and to stay in touch, like and follow British Gurkhas Nepal's Facebook page
British Gurkhas Nepal @BritishGurkhasNepal
https://www.facebook.com/BritishGurkhasNepal/

https://www.army.mod.uk/who-we-are/corps-regiments-and-units/brigade-of-gurkhas/british-gurkhas-nepal/

**<u>Headquarters, British Gurkhas Nepal Points of Contact:</u>**

Maj Ranjankumar Badgami
| Gurkha Major | Media Officer |

Gaurav Chandra Gurung
| Communications Officer |
GauravChandra.Gurung125@mod.gov.uk